# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
# तथा
# ................................ बैंकका बीच भएको निजी आवास अनुदान भुक्तानी सेवा सम्बन्धी
# संझौता पत्र

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (यस पछि प्रथम पक्ष भनिएको) र ......................................................... (यसपछि दोस्रो पक्ष भनिएको) बीच भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माणका लागि अनुदान रकम वितरण गर्ने संबन्धमा निम्न अनुसारका शर्त तथा प्रावधानहरूको अधिनमा रही यस संझौता पत्रमा अधिकार प्राप्त अधिकारीहरूबाट हस्ताक्षर गरी एक एक प्रति लियौं, दियौं ।

१.प्रथम पक्षले दोस्रो पक्षलाई तोकिए बमोजिमका नगरपालिका / गाउँ विकास समिति अन्तर्गत पर्ने लाभग्राहीहरूको विवरण विद्युतीय माध्यम मार्फत (MS Excel र PDF Format मा) दोस्रो पक्षलाई उपलब्ध गराउनेछ । दोस्रो पक्षले उक्त विवरणका आधारमा आफू अन्तर्गत पर्ने संबन्धित शाखाहरूमा तोकिएको कार्यक्षेत्रभित्र पर्ने गाउँ विकास समिति / नगरपालिकाका लाभग्राहीहरूको नाममा एकमुष्ट शुन्य मौज्दातको खाता खोल्नु पर्नेछ ।

२.प्रथम पक्षले संबन्धित गाउँ विकास समिति / नगरपालिका कार्यालयहरू मार्फत अनुदान सम्झौता सम्पन्न गरेका लाभग्राहीहरूको विवरण तोकिएको फाराममा प्रमाणीकरण गरी सो को विवरण जिल्ला विकास समितिमा पठाउने व्यवस्था मिलाउनेछ । साथै प्रथम पक्षले उक्त विवरण संबन्धित गा.वि.स./नगरपालिका कार्यालयहरू मार्फत दोस्रो पक्षको संबन्धित शाखालाई समेत पठाउने व्यवस्था मिलाउनेछ ।

३. प्रथम पक्षद्वारा उपलब्ध गराइएको लाभग्राहीको विवरणमा उल्लिखित व्यक्ति उपस्थित हुन नसक्ने अवस्था भई निजको मन्जुरीनामाको आधारमा संबन्धित गा.वि.स./नगरपालिकाले अख्तियारनामाप्राप्त व्यक्तिसंग गरेको अनुदान संझौता बमोजिम जिल्ला बिकास समितिमार्फत बुँदा नं. २ अनुरूप विवरण उपलब्ध गराएको अवस्थामा दोस्रो पक्षले अख्तियारनामा प्राप्त व्यक्तिको नाममा खाता खोली भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

४.प्रथम पक्षले जिल्ला विकास समिति मार्फत गा.वि.स./नगरपालिकाबाट प्रमाणित भईआएको विवरण अनुसारका लाभग्राहीहरूलाई अनुदान भुक्तानी गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयबाट दोस्रो पक्षको सम्बन्धित शाखाको नाममा जारी भएको चेक उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

५.दोस्रो पक्षको संबन्धित शाखाले चेक समाशोधन गृह (Clearing House)मार्फत राफसाफ भएको सात कार्यदिन भित्रमा संबन्धित लाभग्राहीहरूको खातामा रकम जम्मा गरिसक्नु पर्नेछ ।

६.दोस्रो पक्षको संबन्धित शाखाले लाभग्राहीहरूलाई रकम भुक्तानी गर्दा अनुदान सम्झौता पत्र र नागरिकतासंग लाभग्राहीको लागि खोलिएको खातामा उल्लिखित विवरण भिडाई रकम भुक्तानी दिने व्यवस्था मिलाउने छ ।

७.लाभग्राहीको संझौता पत्र र नागरिकताको प्रमाणपत्रको आधारमा निजी आवास अनुदानको रकम वितरण गर्दा दोहोरो भुक्तानी परेमा प्रथम पक्षले त्यस्तो दोहोरो भुक्तानी भएको रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूलउपर गर्ने गराउने व्यवस्था मिलाउनेछ । त्यस्तो अवस्थामा दोस्रो पक्षको दायित्व रहने छैन ।

८.दोस्रो पक्षले बैंक खाता मार्फत आवास अनुदान रकम उपलब्ध गराउँदा सदरमुकाममा रहेका बैंकको प्रत्येक शाखामा दैनिक न्यूनतम ५० वटा र सदरमुकाम बाहिर रहेका शाखाबाट दैनिक न्यूनतम २० वटा लाभग्राहीहरूको कारोबार नि:शुल्क गर्ने व्यवस्था मिलाउनेछ । उल्लिखित संख्या भन्दा बढी लाभग्राहीहरूलाई पहिलो किस्ता बापतको अनुदान वितरण गर्दा प्रथम पक्षले प्रति ग्राहक (लाभग्राही) रू २२५। का दरले संबन्धित बैंकलाई भुक्तानी दिने व्यवस्था मिलाउनेछ । साथै संबन्धित लाभग्राहीलाई डेबिट कार्ड उपलब्ध गरे/गराएको अवस्थामा प्रथम पक्षले प्रति ग्राहक थप रू ३२५। का दरले संबन्धित बैंकलाई भुक्तानी दिने व्यवस्था मिलाउनेछ । साथै दुई लाख रूपैयाँ अनुदान मध्येको दोस्रो र तेस्रो किस्ता रकम संबन्धित बैंकले संबन्धित लाभग्राहीलाईउपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रथम पक्षको समन्वयमा नेपाल राष्ट्र बैंकले निर्देशन गरे बमोजिम हुनेछ ।

९.दोस्रो पक्षले सेवा शुल्क संबन्धी भुक्तानी दावी गर्दा अख्तियारप्राप्त दोस्रो पक्षको अधिकारीले प्रमाणित गरी प्रत्येक १५-१५ दिनमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ र सोही बमोजिम प्रथम पक्षले प्राप्त दावी उपर भुक्तानी दिने व्यवस्था मिलाउनेछ । यसरी भुक्तानी दिएको सेवा शुल्कको सम्बन्धमा प्रथम पक्षले नेपाल राष्ट्र बैंक मार्फत आवधिक रूपमा पोष्ट अडिट (Post Audit) गराउनेछ ।

१०.अनुदान भुक्तानी रकम वितरण गर्दा दोस्रो पक्षले निजी आवास अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ एवं नेपाल राष्ट्र बैंकको निर्धारित मापदण्ड तथा समय समयमा दिएको निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

११. निजी आवास अनुदान रकम वितरणका लागि सामूहिकीकरण (clustering) गरिए अनुसारका लाभग्राहीहरूको संख्याको आधारमा प्रथम पक्षले उपलब्ध गराउने रकम दोस्रो पक्षले नेपाल राष्ट्र बैंकले व्यवस्थापन गरेका जिल्लास्थित नोट कोषहरूबाट प्राप्त गर्न सक्नेछन् ।
१२. प्रथम पक्षले अनुदान वितरण गर्दा आवश्यक पर्ने सुरक्षा, संचार र विद्युतको उपलब्धताका लागि सम्बन्धित जिल्लास्थित सम्बद्द निकायहरूसंग समन्वय गर्नेछ ।

१३.प्रथम पक्षले दोस्रो पक्षसँग संबन्धित बैकिंग एसोसिएशनहरुसंगको समन्वयमा निर्धारण गरेका गा.वि.स./नगरपालिकाहरू एवं लाभग्राहीहरुको संख्या आपसी समझदारीमा थपघट गर्न सकिने छ । हाललाई प्रथम चरण अन्तर्गतका गा.वि.स./नगरपालिकाहरू एवं सम्भावित लाभग्राहीहरुको संख्या यसै संझौतासंग संलग्न अनुसूचि – १ मा उल्लेख गरिएकोछ ।
१४.यो संझौता पत्रको कार्यान्वयन प्राधिकरणबाट जारी कार्यविधि र संलग्न अनुसूची - २ मा उल्लिखित कार्यविधि (Standard Operating Procedures) अनुसार हुनेछ ।

१५. मिति २०७२ जेष्ठ १४ मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र क, ख र ग वर्गका इजाजत पत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थालाई प्रतिनिधित्व गर्ने क्रमश: नेपाल बैङ्कर्स एशोसियसन, डेभलपमेण्ट बैंङ्कर्स एशोसियसन, नेपाल र नेपाल फाइनान्सियल इन्स्टिच्यूसन्स एशोसियसनका बीच भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माण अनुदान रकम वितरण गर्ने सम्बन्धमा भएको अनुदान भुक्तानी सेवा सम्बन्धी अनुसूची ३ मा उल्लिखित समझदारीपत्र यस सम्झौता पत्रको आधारका रूपमा रहनेछ ।

१६.दुई पक्षबीच सूचनाको आदान प्रदान गर्दा निम्न अनुसारको ठेगानामा गरिनेछ:

प्रथम पक्ष

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं ।

दोस्रो पक्ष

श्री ............. ........बैंक लिमिटेड
केन्द्रीय कार्यालय, ………….।

१७.लाभग्राहीको खाता खोल्दा निज वास्तविक लाभग्राही नभएको वा दोहोरो भुक्तानी भएको खुल्न आएमा खातामा रकम जम्मा भइसकेको भएपनि पहिलो पक्षको आदेश बमोजिम दोस्रो पक्षले निजको खाताबाट सो रकम फिर्ता लिएर पहिलो पक्षलाई बुझाउनुपर्नेछ । सम्बन्धित व्यक्तिको खाताबाट रकम भुक्तान लिइसकेको अवस्थामा सरकारी बाँकी सरह असूलउपर गर्ने गराउने व्यवस्था पहिलो पक्षले मिलाउनेछ । । त्यस्तो अवस्थामा दोस्रो पक्षको दायित्व रहने छैन ।

१८. ग्राहकको बैंकिंग सेवा संबन्धी गुनासोहरूको संबोधन दोस्रो पक्षले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम गर्नेछ ।

१९. माथि बुँदा नं १३ मा उल्खिखित क्लष्टरिङ्ग कार्यान्वयनको क्रममा सेवाग्राहीलाई असुविधा हुने देखिन आएमा जिल्ला समन्वय उपसिमितिले र बैंकका प्रतिनिधिहरुसँगको समन्वयमा कार्यक्षेत्र परिमार्जन गर्न सक्नेछन् ।

२०.यो संझौता पत्र सही गरेको मितिदेखि लागू हुनेछ र करार मिति वि.सं.२०७७ पौष ४ गते सम्म जारी रहनेछ । आपसी समझदारीमा यो संझौता पत्रको अवधिलाई थप गर्न सकिनेछ । भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी व्यवस्था गर्न बनेको ऐनको अधिनमा रही कार्यान्वयन हुनेछ । यस संझौतामा लेखिएका कुनै कुराहरू अनुसूचिमा रहेका विवरण र प्रावधानहरूसंग बाझन गएमा सहमतिपत्रमा लेखिएको कुरालाई मानिने छ ।

२१. यस संझौताका सम्बन्धमा असमझदारी उत्पन्न भएमा दुवै पक्षको सहमतिमा समाधान गरिनेछ । सहमति हुन नसकेका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त | दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त |
| **श्री डा. भीष्मकुमार भूसाल.........................** | श्री .......................... |
| उपसचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ................................ बैंक लिमिटेड |
| काठमाडौं । | काठमाडौं । |

साक्षीहरु

१)..............................................

२).............................................

साक्षीहरु

१)..............................................

२).............................................

ईति संवत् २०७३ साल जेठ १७ गते सोमबार

।

अनुसूची - १.बैंकका शाखाहरू र तिनमा तोकिएका गा.वि.स./नगरपालिकाहरु

## अनुसूची - २. कार्यविधि (Standard Operating Procedures)

**कार्यविधि (Standard Operating Procedure)**

१.पहिलो पक्षले दोश्रो पक्षलाई सूचना व्यवस्थापन प्रविधिबाट गा.वि.स.र नगरपालिकाहरुमा रहेको लाभग्राहीहरुको विवरण उपलब्ध गराउनेछ ।

२. उपरोक्त विवरणको आधारमा  दोश्रो पक्षले लभाग्राहीहरुको खाता खोली डेबिट कार्ड / चेक जारी गर्नेछ ।

३. दोश्रो पक्षले लाभग्राहीको खाता विवरण पहिलो पक्षलाई उपलब्ध गराउनेछ ।

४. पहिलो पक्षले लाभग्राहीको विवरण दोश्रो पक्षलाई चेक मार्फत रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनेछ ।

५. दोश्रो पक्षले सो चेक राफसाफका लागि पठाउनेछ ।

६. राफसाफलाई पठाएको सात कार्य दिनभित्र दोश्रो पक्षले लाभग्राहीहरुको खातामा रकम जम्मा गर्नेछ ।

७. दोश्रो पक्षले लाभग्राहीहरुको खातामा जम्मा गरिएको रकमहरुको विवरण पहिलो पक्षलाई उपलब्ध गराउनेछ ।

८. लाभग्राहीहरुले बैंकमा भुक्तानी लिन जाँदा निजको हालसालै खिचेको पासपोर्ट साईजको फोटो, सम्झौता, नागरिकताको सक्कल तथा प्रतिलिपि लिई बैंकमा पेश गर्नु पर्नेछ । दोश्रो पक्षले सो बिबरण प्रथम पक्षले सूचना व्यवस्थापन प्रविधि मार्फत उपलब्ध गराएको सम्बन्धित लाभग्राहीहरुको तथ्यांकसंग भिडाउनेछ ।

९. लाभग्राहीहरुले पेश गरेको विवरणहरु चेकजाँच गरी ठीक भएको खण्डमा दाश्रो पक्षले सम्बन्धित लाभग्राहीहरुको औंठा छाप/ हस्ताक्षर लिई आवश्यक फारामहरु भराई खाता संचालन गर्नु पर्नेछ ।

१०. दोश्रो पक्षले लाभग्राहीलाई डेबिट कार्ड / चेक वितरण गरी सोही मार्फत आवश्यक भुक्तानी गर्नेछ ।

११. दोश्रो पक्षले सम्बन्धित लाभग्राहीहरुको कारोवारको विवरण पहिलो पक्षलाई आवधिक रुपमा र सम्बन्धित जिविस तथा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई कारोबार भएको भोलिपल्ट उपलब्ध गराउनेछन् ।

१२. दोश्रो पक्षले पहिलो पक्षसंग सेवा शुल्क सम्बन्धित भुक्तानी प्रत्येक १५।१५ दिनमा गर्नेछ र सोही बमोजिम प्रथम पक्षले प्राप्त दाबी उपर भुक्तानी दिने व्यवस्था मिलाउनेछ ।

**तपसिलः**

लाभग्राहीहरुको खाता खोल्नको लागि KYC बमोजिम आवश्यक पर्ने न्यूनतम विवरणः

१. लाभग्राहीको नाम
२. लिंग
३. जन्म मिति
४. नागरिकता नं.
५. नागरिकता जारी स्थान
६. नागरिकता जारी मिति
७. स्थायी ठेगाना
८. सम्पर्क फोन नं.
९. लाभग्राहीको बाजेको नाम
१०. लाभग्राहीको बुबाको नाम
११. पति/पत्निको नाम
१२. सम्झौता नम्बर
१३. लाभग्राहीको फोटोग्राफ
१४. सम्झौताको फोटो

अनुसूची – ३. समझदारी पत्रको प्रतिलिपि

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (यसपछि प्रथम पक्ष भनिएको) र क, ख र ग वर्गका इजाजत पत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थालाई प्रतिनिधित्व गर्ने क्रमश:नेपाल बैङ्कर्स एशोसियसन, डेभलपमेण्ट बैंङ्कर्स एशोसियसन नेपाल र नेपाल फाइनान्सियल इन्स्टिच्यूसन**

**एशोसियसन(यसपछि संयुक्त रुपमा द्वितीय पक्ष भनिएको) का बीच भूकम्पबाट क्षति भएका निजी आवास पुनर्निर्माण अनुदान रकम वितरण गर्ने सम्बन्धमा भएको अनुदान भुक्तानी सेवा सम्बन्धी समझदारीपत्र**

**यस समझदारी पत्रमा -**

"सम्बन्धित बैङ्क"भन्नाले नेपाल राष्ट्र बैङ्कबाट बैंकिङ्ग कारोबार गर्न अनुमति प्राप्त गरी निजी आवास अनुदान भुक्तानी गर्न क्षेत्रगत जिम्मेवारी लिएका क, ख र ग वर्गका बैङ्क तथा वित्तीय संस्थाहरुलाई सम्झनु पर्छ।

"अनुदान सम्झौता पत्र"भन्नाले गाविस/ नगरपालिका र सम्बन्धित लाभग्राही बीच निजी आवास पुनर्निर्माणका लागि अनुदान भुक्तानी गर्ने विषयमा भएको सम्झौता सम्झनु पर्छ।

"सेवा शुल्क"भन्नाले आवास अनुदान प्राप्त गर्ने लाभग्राहीहरुलाई बैङ्क खातामार्फत आवास अनुदान रकम भुक्तानी गरेवापत प्रथम पक्षले सेवा प्रदायक बैङ्कहरुलाई दिइने भुक्तानी सम्झनु पर्छ।

**समझदारी भएका बुँदाहरु**

१.राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिले अनुमोदन गरेको लाभग्राहीहरुको नामावली विद्युतीय माध्यम मार्फत Excel& PDF Formatमा प्रथम पक्षले सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराउने छ। अनुदान वितरण गर्ने उक्त संस्थाहरुले विवरणको आधारमा लाभग्राहीहरुको एकमुष्ट खाता खोली दिनु पर्नेछ।

२.प्रथम पक्षले सम्बन्धित गाविस तथा नगरपालिकाहरुमार्फत अनुदान सम्झौता सम्पन्न गरेका लाभग्राहीहरुको विवरण जिल्ला विकास समिति तथा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाहरुमा पठाउने व्यवस्था मिलाउनेछ।

३. प्रथम पक्षले जिल्ला विकास समिति मार्फत गाउँ विकास समिति वा नगरपालिकाबाट प्रमाणित भई आएको विवरण अनुसारका लाभग्राहीहरुलाई अनुदान भुक्तानी गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश जारी गर्ने व्यवस्था मिलाउनेछ।

४. प्रथम पक्षले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत एकल खाता कोष प्रणालीसँग अर्थ मन्त्रालयको एलएमबिआईएसको लिङ्क स्थापित भएको अवस्थामा सो सँग भिडाई र नभएको अवस्थामा जिल्ला विकास समितिबाट प्राप्त विवरणको आधारमा लाभग्राहीहरुको सम्बन्धित खातामा रकम जम्मा हुने गरी एकमुष्ट रकमको चेक जारी गर्ने र उक्त चेक जिल्ला विकास समितिमार्फत सम्बन्धित बैङ्कहरुलाई उपलब्ध गराउने ब्यवस्था मिलाउनेछ।

५. द्वितीय पक्षले सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाहरु मार्फत चेक समासोधन गृह मार्फत राफसाफ भएको सात कार्य दिन भित्रमा लाभग्राहीहरुको खातामा रकम जम्मा गर्ने ब्यवस्था मिलाउनेछ।

६. द्वितीय पक्षले लाभग्राहीहरुलाई रकम भुक्तानी गर्दा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाहरुमार्फत अनुदान सम्झौता पत्रको विवरण र नागरिकतासँग लाभग्राहीको लागि खोलिएको खातामा उल्लिखित विवरण भिडाई रकम भुक्तानी दिने ब्यवस्था मिलाउनेछ।

७. लाभग्राहीको सम्झौता पत्रको आधारमा निजी आवास अनुदानको रकम दोहोरो भुक्तानी भएको अवस्थामा प्रथम पक्षले त्यस्तो दोहोरो भुक्तानी भएको रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूलउपर गर्ने गराउने व्यवस्था मिलाउनेछ। त्यस्तो अवस्थामा बैङ्कको दायित्व रहने छैन।

८. द्वितीय पक्षले बैङ्क खातामार्फत आवास अनुदान रकम उपलब्ध गराउँदा सदरमुकाममा रहेका बैङ्कको प्रत्येक शाखामा दैनिक न्यूनतम ५० वटा र बैङ्कको सदरमुकाम बाहिरका प्रत्येक शाखामा दैनिक न्यूनतम २० वटा

लाभग्राहीहरुको खाता मार्फत हुने कारोबार नि:शुल्क गर्ने ब्यवस्था मिलाउनेछ । उल्लिखित संख्या भन्दा बढी लाभग्राहीलाई पहिलो किस्ता वापतको अनुदान वितरण गर्दा प्रथम पक्षले प्रति ग्राहक (लाभग्राही) शुल्क रु २२५।-का दरले सम्बन्धित बैङ्कलाई भुक्तानी दिने व्यवस्था मिलाउनेछ । साथै सम्बन्धित लाभग्राहीलाई डेबिट कार्ड उपलब्ध गरे/गराएको अवस्थामा प्रथम पक्षले प्रति ग्राहक (लाभग्राही) शुल्क रु.३२५।-का दरले सम्बन्धित बैङ्कलाई उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । साथै दुई लाख रुपैयाँ अनुदान मध्येको दोस्रो र तेस्रो किस्ता रकम सम्बन्धित बैङ्कले सम्बन्धित लाभग्राहीलाई उपलब्ध गराउने सम्बन्धी व्यवस्था,प्रथम पक्षको समन्वयमा नेपाल राष्ट्र बैङ्कले निर्देशन गरे बमोजिम हुनेछ ।

९. बैङ्कहरुले सेवा शुल्क सम्बन्धी भुक्तानी दावी गर्दा अख्तियार प्राप्त सम्बन्धित बैङ्कको अधिकारीले प्रमाणित गरी प्रत्येक १५।१५ दिनमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ र सोही बमोजिम प्रथम पक्षले प्राप्त दावी उपर भुक्तानी दिने व्यवस्था मिलाउनेछ । यसरी भुक्तानी दिएको सेवा शुल्कको सम्बन्धमा प्रथम पक्षले आवधिक रुपमा पोष्ट अडिट गराउनेछ ।

१०. द्वितीय पक्षले यस समझदारी पत्रको आधारमा सम्बन्धित सबै बैङ्क तथा वित्तीय संस्थाहरुलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग अनुदान वितरण सम्बन्धी सम्झौता सातदिन भित्र गर्नेछ ।

११.द्वितीय पक्षले भूकम्प प्रभावित जिल्लाका सबै गाविस/नगरपालिका समेटने गरी आगामी सात दिनभित्रक्षेत्रगत कार्य विभाजन तोकी सम्बन्धित बैङ्कहरुको सामुहिकीकरण (Clustering)गरी सो को विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ । त्यसरी शाखा तोक्दा भूकम्प प्रभावित क्षेत्रमा रहेका क, ख र ग वर्गका सबै बैङ्कहरुलाईसंलग्न गराउने गरी तोक्नु पर्नेछ र सो कार्यमा प्रथम पक्षले नेपाल राष्ट्र बैङ्कमार्फत आवश्यक व्यवस्था मिलाउनेछ । तत्काल अनुदान वितरणको कार्य शुरु गर्न स्थानीय विकास अधिकारीले क, ख र ग वर्गका सबै बैङ्क तथा वित्तीय संस्थाहरुलाई जिल्लाका भूकम्प प्रभावित सबै भौगोलिक क्षेत्रलाई समावेश गर्ने गरी अनुदान वितरणका लागि शाखा समावेश गराउनु पर्नेछ ।

१२. यस सहमति अनुसार लाभग्राहीहरुलाई अनुदान रकम भुक्तानी गर्दा स्थानीय माग र आवश्यकताका आधारमा जिल्ला समन्वय उपसमितिको सिफारिसमा शाखारहित बैंकिङ्ग सेवा वा अन्य सेवाको व्यवस्था गर्न सकिनेछ । सो सम्बन्धी व्यवस्था प्रथम पक्षले अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैङ्क समेतको सहमतिमा द्वितीय पक्षसँग आपसी समझदारीबाट तय गरे बमोजिम हुनेछ ।

१३. अनुदान भुक्तानी रकम वितरण गर्दा बैङ्क तथा वित्तीय संस्थाहरुले निजी आवास अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ एवं नेपाल राष्ट्र बैङ्कको निर्धारित मापदण्ड तथा समय समयमा दिएको निर्देशनहरुको पालना द्वितीय पक्षले गर्नुपर्नेछ ।

१४. दुवै पक्षले अनुदान वितरण प्रकृयामा सहभागी हुने बैङ्कहरुलाई बायोमेट्रिक प्रणाली अवलम्बन गर्न प्रोत्साहित गर्नेछन् । तर बायोमेट्रिक प्रणाली लागू गर्न नसकिएता पनि बैङ्कहरुले अनुदान वितरण कार्य सुचारु गर्नु पर्ने कुरामा दुवै पक्ष सहमत छन् ।

१५. यो समझदारी अनुसार अनुदान रकम वितरणमा सहभागिता जनाउनु द्वितीय पक्षसँग आवद्ध बैङ्क तथा वित्तीय संस्थाहरुको कर्तव्य हुनेछ ।

१६. प्रथम पक्षले नेपाल राष्ट्र बैङ्क मार्फत निजी आवास अनुदान रकम वितरणका लागि सामूहिकीकरण अनुसारका लाभग्राहीहरुको संख्याको आधारमा उपलब्ध गराउने आवश्यक रकम दोस्रो पक्षले नेपाल राष्ट्र बैङ्कले व्यवस्थापन गरेका जिल्लास्थित नोट कोषहरुबाट प्राप्त गर्नु पर्नेछ ।

१७. प्रथम पक्षले जिल्लामा स्थानीय विकास अधिकारीलाई क्लष्टरिङ्ग गर्ने कार्यमा सहजीकरण गर्न आवश्यक पर्ने सूचना उपलब्ध गराउनुका साथै नगद वितरण गर्दा आवश्यक पर्ने सुरक्षा, संचार र विद्युतको उपलब्धताका

लागि सम्बन्धित निकायसँग समन्वय गर्नेछ । सो को सम्बन्धमा समस्या देखा परेमा बुँदा नं १८ मा उल्लिखित सहजीकरण समितिमार्फत सम्बोधन गरिनेछ ।

१८. यस समझदारी पत्र अनुसार कार्य अघि बढाउन तथा बैंकिङ प्रणाली मार्फत निजी आवास अनुदान वितरण प्रकृयामा आवश्यक समन्वय र सहजीकरणका निम्ति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको संयोजकत्वमा अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, गृह मन्त्रालय, उर्जा मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क, नेपाल बैङ्कर्स एशोसियसन, डेभलपमेन्ट बैङ्कर्स एशोसियसन तथा नेपाल फाइनान्सियल इन्स्टिच्यूसन एशोसियसनका प्रतिनिधिहरु रहेको अनुदान रकम वितरण सहजीकरण समितिको व्यवस्था गरिनेछ ।

१९. यो समझदारी पत्रको कार्यान्वयनका विषयमा असमझदारी उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गरिनेछ।

२०. अनुदान रकम वितरण सम्बन्धी कार्यलाई तदारुकताका साथ कार्यान्वयन गर्न जारी गरिएको Standard Operating Procedures (SOP)मा आवश्यक परिमार्जन दुवै पक्षको सहमतिमा गरिनेछ ।

२१. यो समझदारी पत्र आजैका मितिदेखि लागू हुनेछ ।

प्रथम पक्षको तर्फबाट

............................

रामप्रसाद थपलिया
सह–सचिव
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

द्वितीय पक्षको तर्फबाट

............................

उपेन्द्र प्रसाद पौडेल
अध्यक्ष
नेपाल बैङ्कर्स एशोसियसन

............................
कृष्णराज लामिछाने
अध्यक्ष
डेभलपमेण्ट बैंङ्कर्स एशोसियसन नेपाल

............................
सरोज काजी तुलाधर
अध्यक्ष
नेपाल फाइनान्सियल
इन्स्टिच्यूसन एशोसियसन

साक्षी

| | | |
|---|---|---|
| ..................................... | ..................................... | .................. |
| जनार्दन गुरागाईं | चिन्तामणि सिवाकोटी | शिवनाथ पाण्डे |

| | | |
|---|---|---|
| सह-सचिव | डेपुटी गभर्नर | कार्यकारी निर्देशक |
| राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | नेपाल राष्ट्र बैङ्क | बैङ्क तथा वित्तीय संस्था नियमन विभाग<br>नेपाल राष्ट्र बैङ्क |

इति सम्वत २०७३ जेष्ठ १४ गते रोज ६ शुभम्